युनिक नेपाल लघुवित्त वित्तीय संस्था लि.

# निर्णय तथा कार्यवाही विवरण

# माइन्यूट

## तेश्रो वार्षिक साधारण सभा

**मिति : २०७८ साल पुश १० गते शनिवार**

स्थान : केन्द्रीय कार्यालय, कोहलपुर, बाँके

युनिक नेपाल लघुवित्त वित्तीय संस्था लि.

# तेश्रो वार्षिक साधारणसभा

## निर्णय तथा कार्यबाही विवरण (माइन्यूट)

### १. तेश्रो वार्षिक साधारण सभा

युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको सञ्चालक समितिको २०७८ साल मंसिर ४ गते बसेको ५० औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७(२) र वित्तीय संस्थाको नियमावलीको १८(२) अनुरुपको तेश्रो वार्षिक साधारणसभाको सञ्चालक समितिका अध्यक्ष श्री काली प्रसाद चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिम सुसम्पन्न भयो ।

### २. तेश्रो वार्षिक साधारण सभाको मिति, समय र स्थान

(क) मिति : २०७८ साल पुश १० गते शनिवार (२५ डिसेम्बर, २०२१)

(ख) समय : दिउसो ठिक १०.४५ बजे

(ग) स्थान : म्याक्स होटेल, कोहलपुर, बाँके

### ३. सभाको सूचना प्रकाशन

(क) कम्पनी ऐन, २०६३को दफा ६७ (२) बमोजिम तेश्रो वार्षिक साधारणसभा हुने मिति, समय, स्थान र सभामा छलफल हुने विषयवस्तुहरु सहितका विवरणहरु खुलाई मिति २०७८ साल **मंसिर १६** गतेका नयाँ पत्रिका राष्ट्रिय दैनिक पेज ७ मा प्रकाशन भएको र दोश्रो पटक २०७८ साल **पुश २** गतेका नयाँ पत्रिका राष्ट्रिय दैनिक पेज ११ मा पनि प्रकाशन भएको, यस वित्तीय संस्थाको वेभसाइटमा समेत राखिएको, र मोबाइलमा फोन र एसएमएस मार्फत शेयरधनी महानुभावहरुलाई जानकारी गराइएको थियो ।

(ख) तेश्रो वार्षिक साधारण सभाको प्रस्ताव सम्बन्धी विवरणहरु यथासम्भव सबै शेयरधनी महानुभावहरुलाई इमेल र हार्डकपी उपलब्ध गराइएको, र प्राप्त गर्न नसक्ने शेयरधनी महानुभावहरुलाई यसै सभाकक्षमा उपलब्ध गराइएको छ ।

४. **छलफल तथा निर्णयकालागि निर्धारित विषयवस्तुहरु**

**(क) सामान्य प्रस्तावहरु**

१. सभाको वैधानिकता

२. स्वागत तथा सञ्चालक समितिको प्रतिवेदन

३. लेखापरीक्षण भई सकेको वार्षिक आर्थिक विवरण र लेखापरीक्षकको प्रतिवेदन

४. लेखापरीक्षण समितिको सिफारिसमा आ.व. २०७८/०७९ कोलागि लेखा परीक्षकको नियुक्ति र पारीश्रमिक निर्धारण

५. माइन्यूटमा दस्तखत गर्ने अख्तियारी

५. **उपस्थिति :** शेयर संख्या र शेयरधनीहरुको उपस्थिति यसैसाथ संलग्न सूचीमा दिइएको छ ।

**(क) सञ्चालकहरु**

| | | |
|---|---|---|
| १. श्री काली प्रसाद चौधरी | अध्यक्ष | उपस्थित |
| २. श्री सन्तराम धरकटुवा थारु | सञ्चालक | उपस्थित |
| ३. श्री शिव बहादुर चौधरी | सञ्चालक | उपस्थित |
| ४. श्री सपना श्रेष्ठ | सञ्चालक | उपस्थित |
| ५. श्री जागेश्वर प्रसाद चौधरी | स्वतन्त्र सञ्चालक | उपस्थित |

**(ख) अन्य उपस्थिति**

१. बाह्य लेखा परीक्षक बी.बी.आर.बी. एण्ड एशोशियट्स, चार्टर्ड एकाउन्टेन्ट्स, बाँकेका श्री विश्वराम भण्डारी उपस्थित

**(ग) कम्पनीको कुल शेयरधनी संख्या ५९ रहेकोमा निम्न बमोजिम उपस्थिति रह्यो ।**

| | |
|---|---|
| १. विक्री भएको कुल शेयर संख्या | : ६३०,००० कित्ता |
| २. जम्मा संस्थापक शेयरधनी संख्या | : ४५ जना |
| ३. सर्वसाधारण शेयरधनी संख्या | : छैन |
| ४. स्वयम् उपस्थिति शेयरधनी संख्या | : ३८ जना |
| ५. प्रतिनिधि मार्फत उपस्थित शेयरधनी संख्या | : ७ जना |
| ६. जम्मा उपस्थित शेयरको प्रतिनिधित्व संख्या (९०.४८ प्रतिशत) | : ५७०,००० कित्ता |

UNYC NEPAL Estd.2052 Naya Gaun, Bardiya

Unique Nepal Laghubitta Bittiya Sanstha Ltd

## ६. सभाको बैधानिकता र गणपूरक संख्या

(क) कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम कम्पनीको वार्षिक साधारण सभा बोलाइएको, र कम्पनी ऐन, २०६३ को दफा ७३(२) बमोजिम सभाको लागि बाँडफाँड भएको कुल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी शेयर प्रतिनिधित्व भएकोले आवश्यक गणपूरक संख्या पुगेको जानकारी कार्यकारी प्रमुखले सभालाई गराउनु भयो ।

(ख) तत्पश्चात कम्पनी ऐन, २०६३ को दफा ७३(२) अनुसार गणपुरक संख्या पुगेको सभाले मन्जुर गर्दै पूर्व सूचित सभाको निर्धारित विषय सूचीको क्रमानुसार जान र तत्सम्बन्धमा प्रचलित ऐन बमोजिम कार्यवाही बढाउन सभाले अनुमति दियो ।

## ७. सभाको अध्यक्षता र आसन ग्रहण

कम्पनी ऐन, २०६३ को दफा ७४(१) बमोजिम र यस युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको विनियमावलीको दफा १९(१) अनुसार तेश्रो वार्षिक साधारणसभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नुपर्ने व्यवस्था भए बमोजिम उद्घोषक नरेन्द्र थारुले सञ्चालक समितिको अध्यक्ष श्री काली प्रसाद चौधरीलाई सभाको अध्यक्षता ग्रहण गरी दिन हुन अनुरोध गर्नु भयो र वहाँले अध्यक्षको आसन गर्नुभयो । साथै अन्य सञ्चालकहरुले पनि क्रमशः सभामा आ-आफ्नो आसन ग्रहण गर्नुभयो । शेयरधनी महानुभाव युनिक नेपाल, प्रभु बैंक, एनसीसी बैंक लगायतका सबै शेयरधनीहरुले पनि आआफ्नो ठाउँमा आसन गर्नु भयो ।

## ८. सभाको औपचारिक उद्घाटन

सभाको औपचारिक उद्घाटनकोलागि उद्घोषकले सभाका अध्यक्षलाई अनुरोध गर्नुभए बमोजिम सभाध्यक्षले पानसमा दियो बालेर सभाको औपचारिक उद्घाटन गर्नुभयो ।

## ९. स्वागत मन्तब्य

सभामा उपस्थित शेयरधनी महानुभावहरु तथा अन्य उपस्थित अतिथिहरुलाई स्वागत गरी दिनकालागि उद्घोषकले सञ्चालक अध्यक्ष श्री काली प्रसाद चौधरीलाई अनुरोध गर्नुभयो । र उहाँले वित्तीय संस्थाको कार्य प्रगति बारेमा संक्षेपमा जानकारी गराउँदै शेयरधनी महानुभावहरुलाई स्वागत मन्तब्य प्रस्तुत गर्नु भयो ।

## १०. वित्तीय संस्थाको हालसम्मको कार्य प्रगति विवरण

कार्यकारी निर्देशक डा. गोपाल दहितले आर्थिक वर्ष २०७७/०७८ को लेखा परीक्षण प्रतिवेदन र २०७८ साल मंसिरसम्मको सदस्य संख्या, ऋणी संख्या, कर्जा लगानी तथा

UNYC NEPAL Estd.2052 Naya Gaun, Bardiya

Unique Nepal Laghubitta Bittiya Sanstha Ltd

बचत परिचालन, खुद मुनाफा र सामाजिक क्षेत्रमा गरेका कार्य प्रगति तथा भए गरेका कार्यहरुको बारेमा जानकारी गराउनु भयो ।

### १२. सभाको सञ्चालन

सभाको कार्यबाही अगाडि बढाउन तथा छलफलकालागि पूर्व निर्धारित विषय सूचीहरु सभामा प्रस्तुत गर्न सभा अध्यक्षबाट कार्यकारी निर्देशकलाई अनुमति प्रदान गर्नु भयो ।

### १३. प्रस्तावहरुको प्रस्तुती

अध्यक्षज्यूको अनुमति अनुसार सभाको कार्यबाहीलाई अगाडि बढाइयो । कार्यसूचीमा भए अनुसारको सबै प्रस्तावहरु एक एक गरी प्रस्तुत गरियो ।

### १४. प्रस्ताव/प्रतिवेदन उपर छलफल

कार्यकारी निर्देशकले अध्यक्षको अनुमति अनुसार प्रस्तुत भएको सबै प्रस्तावमाथि छलफलको क्रममा सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई आफ्नो आफ्नो विज्ञासा, प्रश्न एवम् सुझाव राख्न आग्रह गर्नु भयो ।

### १५. प्रस्ताव/प्रतिवेदनमाथि छलफल

कार्यकारी निर्देशकले प्रस्तुत प्रस्ताव उपर छलफल गर्नकोलागि आह्वान गर्नु भयो । तत्पश्चात सभामा उपस्थित तपसिलका शेयरधनी महानुभावहरुले आफ्नो आफ्नो मन्तब्य, जिज्ञासा, प्रश्न र सुझाव प्रस्तुत गर्नु भयो । छलफलमा भाग लिने शेयरधनी महानुभावहरुले ब्यक्त गर्नु भएको राय सुझाव सहितको मुख्य मुख्य विषयहरु यस प्रकार रहेका छन् ।

(क) श्री नन्दुराज चौधरी, शेयरधनी, सेवाग्राही सदस्य र कर्मचारी सन्तुष्टि सर्वेक्षणका प्रश्नावली के कस्तो रहेको भनी जिज्ञासा राख्नु भएको थियो ।

(ख) श्री मिनराज चौधरी, शेयरधनी, राम्रो प्रगति गरेकोमा धन्यवाद ज्ञापन गर्दै, युनिक गानबाट समुद्घाटन गर्न सुझाव, सेवाग्राही सदस्यहरुलाई पुरस्कारको व्यवस्था, र वाह्य तथा आ.ले.प.को जाँच अनुसार युनिकको राम्रा र कमजोर पक्ष के कस्ता रहेका छन्, सो सम्बन्धमा जिज्ञासा राख्नु भएको थियो । साथै सामाजिक उत्तर दायित्व कोषको खर्च के कति र कहाँ कहाँ खर्च भएको सम्बन्धमा पनि कुरा उठाउनु भएको थियो ।

(ग) श्री नरेश कुमार चौधरी, शेयरधनी, संस्थापक युनिक नेपालको प्रतिनिधिलाई आसन ग्रहण र विश्लेषणात्मक प्रतिवेदन तयार पार्न सुझाव प्राप्त भएको ।

(घ) श्री निर्मल कुमार चौधरी, शेयरधनी, एफपीओ कहिलेसम्म खुल्छ भन्ने जिज्ञासा राख्नु भएको थियो ।

UNYC NEPAL Estd.2052 Naya Gaun, Bardiya

Unique Nepal Laghubitta Bittiya Sanstha Ltd.

(ङ) श्री डम्बर बहादुर शाह, शेयरधनी, बचतको ब्याज खर्चको प्रोभिजन पेन्सन बचत को हो ? कि के हो भनी स्पष्टता माग गर्नु भएको, र वाह्य लेखा परीक्षकको नियुक्ति सम्बन्धमा बैकल्पिक व्यवस्था राख्न सुझाव दिनु भएको थियो ।

## १६. जिज्ञासा उपर जवाफ

सञ्चालक समितिको प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन साथै वित्तीय विवरण सम्बन्धमा शेयरधनी महानुभावहरुले सभामा ब्यक्त गर्नु भएको जिज्ञासाका बारेमा सभाध्यक्षको सहमति लिएर कार्यकारी निर्देशक डा. गोपाल दहितले स्पष्ट पार्नु भयो । सकारात्मक सुझावहरुको लागि धन्यवाद ब्यक्त गर्नुहुँदै प्रस्तावहरु पारित गरिदिन अनुरोध गर्नु भयो, र सर्वसम्मतिले सबै प्रस्तावहरु पारित भयो । सोही अवसरमा वाह्य लेखा परीक्षक चार्टर्ड एकाउण्टेन्ट श्री विश्व राज भन्डारीले केही कुरा राख्नु भयो ।

## १७. सभाबाट पारित प्रस्तावहरु

### (क) सामान्य प्रस्तावहरु

प्रस्ताव नं. १ : सभाको वैधानिकता

त.व.स.स. ३/निर्णय नं. १/२०७८

युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको तेश्रो वार्षिक साधारणसभाकोलागि स्थान, मिति र कार्यसूची सहितको सूचना कम्तीमा २१ दिन पहिले नयाँ पत्रिका, राष्ट्रिय दैनिकमा २०७८ साल मंसिर १६ गते, यसैगरी दोश्रो सूचना पुश महिना २ गते प्रकाशन भएको, इमेलबाट सबै शेयरधनीहरुलाई आवश्यक सामग्री सहित सूचना पठाएको, फोनबाट पटक पटक सूचना गरेको र लिखित पत्र बुझाई सूचना र आमन्त्रण गरिएको साथै वित्तीय संस्थाको वेभसाइटमा पनि राखिएको हो ।

कम्पनी ऐन, २०६३ को दफा ७३ र यस वित्तीय संस्थाको नियमावली, २०७५ को नियम नं. २३ अनुसार यस वित्तीय संस्थाको बाँडफाँड भएको शेयर संख्या ६३०,००० को पचास प्रतिशत भन्दा बढी प्रतिनिधित्व हुनु पर्ने र कुल शेयरधनीहरुमध्ये कम्तिमा तीनजना शेयरधनीहरु स्वयम् उपस्थित हुनु पर्ने प्रावधान अनुरुप ५७०,००० शेयर संख्या (९०.४८ प्रतिशत) को प्रतिनिधित्व रहेको साथै शेयरधनी स्वयम् र प्रतिनिधि ४५ जना उपस्थित रहेकोले तेश्रो वार्षिक साधारणसभा सञ्चालन गर्न वैधानिकता प्राप्त भएको निर्णय गरियो ।

प्रस्ताव नं. २ : स्वागत तथा सञ्चालक समितिको प्रतिवेदन

त.व.स.स.३/निर्णय नं. २/२०७८

यस वित्तीय संस्थाका अध्यक्ष श्री काली प्रसाद चौधरीले सञ्चालक समितिको तर्फबाट तेश्रो वार्षिक साधारणसभाका सदस्यहरुलाई स्वागत गर्नुकोसाथै सञ्चालक समितिको

UNYC NEPAL Naya Gaun, Bardiya Estd.2052

Unique Nepal Laghubitta Bittiya Sanstha Ltd.

प्रतिवेदन प्रस्तुत गर्नु भयो । र यथोचित छलफल पछि यो प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

प्रस्ताव नं. ३ : लेखा परीक्षण भई सकेको वार्षिक आर्थिक विवरण र लेखा परीक्षकको प्रतिवेदन

त.व.स.स.३/निर्णय नं. ३/२०७८

आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदनमा संलग्न अनुसारको लेखा परीक्षण प्रतिवेदन प्रस्तुत गरियो, र यथोचित छलफल पछि अनुमोदन गरियो ।

**प्रस्ताव नं. ४ : लेखा परीक्षण समितिको सिफारिसमा आ.व. २०७८/०७९ कोलागि लेखा परीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण**

त.व.स.स.३/निर्णय नं. ४/२०७८

लेखा परीक्षण समितिको सिफारिस अनुसार आर्थिक वर्ष २०७८/०७९ कोलागि लेखा परीक्षण र कर परीक्षण दुवै गर्न दीक्षित एण्ड एसोसियट्स चार्टर्ड एकाउन्टेन्ट्स, नेपालगञ्जलाई निम्न शर्तहरु अनुसार नियुक्ति गर्ने निर्णय गरियो ।

(क) लेखा परीक्षण र कर परीक्षण गरे वापत कर बाहेक रु. १६२,५००।००

(ख) शाखामा लेखा परीक्षण गर्न जाँदा दैनिक खर्च रु. ६००। प्रति व्यक्ति

(ग) यातायात खर्च वास्तविक बिल अनुसार

(घ) शाखाको लेखा परीक्षण गर्न जाँदा लजिङ र फुडिङ खर्च बढीमा रु. २,५००। बिल अनुसार दैनिक प्रति व्यक्ति

**प्रस्ताव नं. ५ : माइन्यूटमा दस्तखत गर्ने अख्तियारी**

ते.व.स.स.३/निर्णय नं. ५/२०७८

यस वित्तीय संस्थाको तेश्रो वार्षिक साधारणसभाको माइन्यूटमा कम्पनी ऐन अनुसार हस्ताक्षर गरी प्रमाणित गर्ने कार्य यस वित्तीय संस्थाका अध्यक्ष श्री काली प्रसाद चौधरी र सोही ऐन अनुसार शेयरधनीहरुको प्रतिनिधित्व गर्दै शेयरधनी युनिक नेपालका प्रतिनिधि श्री प्रिम बहादुर थारुलाई माइन्यूटमा हस्ताक्षर गर्ने अख्तियारी दिने निर्णय सर्वसम्मतिबाट गरियो ।

यस बैठकको माथि उल्लेखित निर्णयको सत्य अभिलेख हो ।

श्री प्रिम बहादुर थारु
युनिक नेपालको प्रतिनिधि

श्री काली प्रसाद चौधरी
अध्यक्ष